वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काप फोल्डिङ, स्टरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

○वर्ष ८ ○अंक २११ ○श्रेणी 'क' ○२०७४ वैशाख ३० गते बिहीबार ○12 May 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

पोखराका उद्योगहरुमा भूकम्प र नाकाबन्दीको असर कायमै

वासुदेव पौडेल
पोखरा २९ वैशाख ।

भूकम्प र नाकाबन्दीका कारण लामो समय मारमा परेका पोखरा क्षेत्रमा सञ्चालित उद्योग अझै पूर्ववत् अवस्थामा फर्कन सकेका छैनन् । उद्योगका लागि आवश्यक इन्धन तथा कच्चा पदार्थ सहज बन्दै गए पनि विगतमा परेका प्रभावका कारण भूकम्पआँधिको अवस्थाजस्तै बजार लिन अझै पनि नसकिएको उद्योग व्यवसायी बताउँछन् । भूकम्प र नाकाबन्दीको मारमर्सी लगभग डेढ महिना उद्योग बन्द गर्नुपरेको र कच्चा पदार्थका साथै इन्धनको चरम अभाव भए पछि बजारमा मागअनुसारको आपूर्तिसमेत गर्न नसकेको उद्योग व्यवसायीको भनाइ छ । पोखरामा विगत लामो समयदेखि सञ्चालनमा आएको हिमश्री फुड्स प्रालिका उत्पादन प्रमुख लक्ष्मण गौचन भूकम्प र नाकाबन्दीपछि केही समयसम्म उद्योग सञ्चालन सहज बन्दै गए पनि अझै पूर्ववत् अवस्थामा फर्काउन नसकिएको बताउछन् ।

"भूकम्प र नाकाबन्दीले पारेको असर केही मात्रामा अझै कायम छ,"उनले भने-"विगतमा परेको असरको प्रभावका कारण पूर्ववत् अवस्थामा अझै पुग्न सकिएको छैन, अझै १० प्रतिशत प्रभाव रहेको छ ।" प्रालिका तर्फबाट रारा, आहा, फैवा, रुपा, एवन जस्ता विभिन्न खाद्यवस्तुको उत्पादन भइरहेको उनले जानकारी दिए ।

गौचनजस्तै फिरुटेल डेरी बजार अधिकृत विजय सापकोटा नाकाबन्दी अघिको अवस्था उद्योग व्यवसायमा अझै पनि आइनसकेको तर्क गर्छन् । नाकाबन्दी अघि दैनिक आठ हजार लिटर दूध बजारमा पठाउने गरिएकामा हाल ६ हजार ५०० लिटर दूध मात्र पठाउने गरिएको छ । नाकाबन्दीका अवस्थामा भने पाँच हजार लिटर दूध दैनिक बजारमा पठाइएको उनको भनाइ छ ।

"हामीले दूध, दही, घ्यू, पनिर, आइसक्रिमजस्ता विभिन्न दुग्धजन्य वस्तु उत्पादन गर्ने गरेका छौं,"उनले भने-" विगतमा उत्पादनको मात्रा घटनु, माग अनुसारको आपूर्ति गर्न नसकिनु जस्ता धेरै कुराले उद्योग व्यवसायलाई प्रत्यक्ष प्रभाव पारेका कारण अझै पूर्ववत् अवस्थामा फर्काउन सकिएको छैन ।" पोखरा फुड्स प्रालिका नायब महाप्रबन्धक अमित वापा भूकम्प र नाकाबन्दीको प्रभावमा परेको उद्योग व्यवसाय विस्तारै पूर्ववत् अवस्थामा फर्किन लागेको बताउछन्। "उत्पादन कम हुनु, मागअनुसार आपूर्ति गर्न नसक्नु जस्ता कुराले बजारमा पारेको प्रभावका कारण त्यसलाई पूर्ववत् अवस्थामा फर्काउन समस्या भएको हो, "वापाले भने-"अब विस्तारै पूर्ववत् अवस्थामा फर्किने विश्वास लिएका छौं ।" नाकाबन्दीको असर खाद्यवस्तु उत्पादन गर्नेमा मात्र नभएर अन्य सबै प्रकारका उद्योगमा परेको छ। कालीगण्डकी अब्जिभन ग्याम प्रालिका कार्यकारी निर्देशक माधव वस्ताकोटी विगतमा नराम्रोसँग खस्केको व्यापार विस्तारै पूर्ववत् अवस्थामा फर्किन लागेको बताउछन्। आफूहरूले उत्पादन गर्ने अब्जिजन अस्पतालमा ३० प्रतिशत र अन्य मेटल कम्पनी तथा हाइड्रोपावरहरूमा ७० प्रतिशत खपत हुने गरेको बताउदै उनले नाकाबन्दीको समयमा उद्योग व्यवसाय प्रभावित हुँदा त्यसको प्रत्यक्ष असर आफूहरूले बेहोर्नु परेको स्पष्ट पारे । "नाकाबन्दीका कारण कार्तिक/मङ्सिरको समयमा निर्के गाडी महसुस भए पनि पछिल्लो समयमा बजारका लागि भने हामीलाई खासै समस्या छैन," वस्तुतकोटीले थपे-"भूकम्प र नाकाबन्दीले पारेको असर विस्तारै न्यून हुँदै गएको छ ।"

चौबिसैं घन्टा बत्ती भएका अवस्थामा कम्पनीले प्रतिमहिना १० हजार सिलिन्डर अब्सिजन उत्पादन गर्नसक्ने भए पनि हाल प्रतिमहिना चार हजार सिलिन्डर उत्पादन गरिरहेको बताइएको छ । पोखरा औद्योगिक क्षेत्रमा सञ्चालित उद्योग विस्तारै पूर्ववत् अवस्थामा फर्किन लागेको पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका क्षेत्र प्रबन्धक नेपालभूषण वैद्यले बताए ।

विसं २०७३ असोजमा स्थापित पोखराको औद्योगिक क्षेत्रमा कुल ८४ वटा उद्योग रहेकोमा हाल जी वटा चालु अवस्थामा, निर्माणाधीन छ वटा र बन्द उद्योग आठ वटा छन् । औद्योगिक क्षेत्रमा रु दुई अर्ब तीन करोड निजी उद्योगले लगानी गरिसकेका छन् भने गत वर्षको तथ्याङ्कअनुसार एक हजार ९ सय ८३ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

कास्की अदालतमा लक्ष्य बढी फैसला

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ वैशाख ।

कास्की जिल्ला अदालतमा आर्थिक वर्ष २०७२/०७३ को चैत्र मसान्तसम्म २ हजार ९७ नयाँ मुद्दा दर्ता भएका छन् अदालतले बुधवार पोखरामा सञ्चारकर्मीसँग गरेको अन्तर्क्रिया कार्यक्रमको आयोजना गरी यो जानकारी दिएको हो । अदालतमा अघिल्लो आर्थिक वर्षभाट जिम्मेवारी सरी आएका १ हजार ४ मुद्दा गरी चैत्र मसान्तसम्म कुल ३ हजार १ सय ८६ मुद्दा रहेकोमा १ हजार ७ सय १२ थान मुद्दा फैसला भएको अदालतले जनाएको छ । चैत्र मसान्तसम्म फैसला हुन बाँकी मुद्दा १ हजार ३ सय ८९ रहेको छ । यसमध्ये १६ थान दुई वर्ष नाघेको मुद्दा हुन् । अदालतले चैत्र मसान्तसम्म १ हजार ३ सय ६१ थान मुद्दा फैसला गर्ने लक्ष्य राखेकोमा लक्ष्य भन्दा ३ सय ५० थान मुद्दा बढी फैसला भएको छ । मुद्दामध्ये सबैभन्दा बढी सम्बन्ध विच्छेदका मुद्दा दर्ता हुने गरेको र फैसला पनि सम्बन्ध विच्छेदकै मुद्दा बढि भएको अदालतको तथ्याङ्कले देखाएको छ । चैत्र मसान्तसम्म सम्बन्ध विच्छेदका ५ सय ३६ थान लगत रहेकोमा ४ सय १५ थान फैसला भई बाँकी १ सय २१ रहेको छ । यसैगरी नाता कायम मुद्दाको लगत १ सय ७९ रहेकोमा १ सय ७२ थान फैसला भई ७ थान फैसला हुन बाँकी देखिन्छ । यो अवधिमा माना चामलका ८७ नाथ मुद्दाको लगत रहेकोमा ३१ थान फछुयौट भई ५६ थान फछुयौट हुन बाँकी छ ।

यसैगरी ३४ थान सवारी ज्यान मुद्दाको लगत रहेकोमा ३४ नाथ फछुयौट भई ३ थान फछुयौट हुन बाँकी देखिन्छ । जुवा सम्बन्धी १४ थान मुद्दा दर्ता भएकोमा १४ थान मुद्दा किनारा लागेका छन् । बहुविवाह सम्बन्धी १८ थान मुद्दा दर्ता भई ३ थान मुद्दा फछुयौट हुन बाँकी छ । साधारण चोरी सम्बन्धी २३ थान मुद्दाको लगत रहेकोमा १८ थान फछुयौट भई ५ थान बाँकी रहेको छ । गाली बेइज्जति सम्बन्धी २६ थान मुद्दा दर्ता भएकोमा १० थान फछुयौट भई १६ थान मुद्दा फछुयौट हुन बाँकी रहेका छन् । मानव बेचबिखन सम्बन्धी ८ थान मुद्दा दर्ता भएकोमा ४ थान मुद्दा फछुयौट भई ४ थान फछुयौट हुन बाँकी रहेको छ । जबरजस्ती करणी सम्बन्धी ४२ थान मुद्दाको लगत रहेकोमा २५ थान फैसला हुँदा १७ थान फछुयौट हुन बाँकी देखिन्छ । फैसला कार्यान्वयनतर्फ चैत्र मसान्तसम्म १ सय २४ थान निवेदन परी सबै नै फैसला गर्ने लक्ष्य राखिएकोमा लक्ष्य भन्दा ६ थान कम निवेदन फैसला भएको कास्की जिल्ला अदालतको तहसिल शाखाले जनाएको छ । यो आर्थिक वर्ष चैत्र मसान्तसम्म १ सय ७ थान मुद्दा मेलमिलाप केन्द्रमा पठाइएको मध्ये ९२ थान मुद्दा मेलमिलाप केन्द्रबाट मिलापत्र भएका छन् । हालसम्म अदालतबाट ३ सय ८८ वटा अधिकृत वारेसनामा प्रमाणित भएका छन् । अदालतमा गत माघ ४ गतेबाट सूर गरिएको निशुल्क निवेदन दाता सम्म १ हजार ३ सय १२ सेवाग्राहीले भरेको न्यायमा पहुँच शाखाले जनाएको छ । अदालतमा हालसम्म ९२ थान अनलाइन म्याद तामेलीको लागि म्याद प्राप्त भएको ८८ थान म्याद तामेल भई पठाइसकिएको देखिन्छ । कास्की जिल्ला अदालतमा झण्डै ५० हजार मुद्दा अभिलेख शाखामा रहेकोमा २० हजार सफ्टवयरमा प्रविष्ट गर्ने कार्य भई सकेको छ । बाँकीलाई पनि सफ्टवेयरमा प्रविष्ट गरिने अदालतले जनाएको छ । अन्तर्क्रिया कार्यक्रममा कास्की जिल्ला अदालतका जिल्ला न्यायाधीश शेखर प्रसाद पौडेल, अतिरिक्त जिल्ला न्यायाधीशहरु अनन्तराज ढुमे, नागेन्द्र लाल कर्ण, नरेश्वर भण्डारी, नारायण प्रसाद दाहाल, विष्णुप्रसाद गौतम र सेक्रेटेरिट कृष्णप्रसाद नेपालले सञ्चारकर्मीको जिज्ञासा मेटाएका थिए । उनीहरुले आगामी दिनमा अदालतले गर्ने कार्यहरुको बारेमा समेत सञ्चारकर्मीलाई जानकारी गराएका थिए ।

नीति तथा कार्यक्रम बहस :

सकारात्मक-एमाओवादी, झुटको पुलिन्दा-कांग्रेस

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २९ वैशाख ।

व्यवस्थापिका-संसद्को बुधबारको बैठकमा सरकारले आर्थिक वर्ष २०७३/७४ का लागि पेस गरेको नीति तथा कार्यक्रममा सत्तारुढ दल सम्बद्ध दलका सांसदले समयानुकूल भन्दै प्रशंसा गरे भने विपक्षी दलका सांसदले भने तथ्य नजिक नरहेको भन्दै आलोचना गरे । यसैक्रममा एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले आगामी आर्थिक वर्ष २०७३/७४ का लागि सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम सकारात्मक भएको बताएका छन्। व्यवस्थापिका-संसद्को बैठकमा आफ्नो धारणा राख्दै उनले आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने, सेवा क्षेत्रलाई सुधार गर्ने कुरा जायज भएको भन्दै उनले व्यापार विधिकरण गर्ने विषय महत्वपूर्ण र जायज रहेको बताए । सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अगाडि बढाउने विषय, पुनः निर्माणलाई तीव्र पार्ने जनताको घर तथा आवास निर्माणका लागि सहज एवम् प्रभावकारी संयन्त्र बनाउनु जरुरी रहेको उल्लेख गर्दै उहाँले भूमिसुधारको विषयमा प्रष्ट कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए।

किसानलाई सामाजिक सुरक्षाको दायित्वभित्र ल्याउने नीति तथा कार्यक्रमले किसानमा नयाँ उत्साह थपेको उल्लेख गर्दै उहाँले पेट्रोलियम अन्वेषण गर्ने, दुई वर्षभित्र विद्युत भार कटौती अन्त्य गर्ने र दश वर्षमा दश हजार मेगावाट विद्युत् उत्पादन गर्ने योजना समयानुकूल र जायज रहेको बताए । ठूला र महत्वाकांक्षी आयोजना सफल पार्न प्रमुख दलहरूबीच सहमति र सहकार्य जरुरी रहेको स्मरण पार्दै उनले दश वर्षमा दश हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने विश्वास व्यक्त गरे ।

तराई-मधेस समुद्र सिंचाइ कार्यक्रम, रसुवागढी लुम्बिनी रेल मार्ग, काठमाडौं तराई-मधेस द्रुतमार्ग जस्ता ठूला र महत्वपूर्ण आयोजना अगाडि बढाउने, कृषि क्षेत्रमा स्वालम्बन गर्ने जस्ता कार्यक्रम वर्तमान सरकारको महत्वपूर्ण कार्यक्रम रहेको बताए ।

कृषि तथा प्राविधिक शिक्षालय जनतासँग जोडेर अगाडि लैजानुपर्नेमा उल्लेख गर्दै उनले श्रमिकको सुरक्षा, पुँजी र व्यवस्थापनमा स्वामित्वको विषय नयाँ र नौलो भएको बताए । नेपालमा सात सालदेखि नै म्यादी सरकार चलेको उल्लेख गर्दै उहाँले नेपालको तमाम समस्या समाधान गर्न राष्ट्रिय एकताको सरकारको जरुरी रहेको बताए ।

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको निर्वाचनको विषय आफ्नो पार्टीले उठाउँदै आएको स्पष्ट पार्दै अध्यक्ष दाहालले वर्तमान सरकारले कुनै दुविधा नराखी काम गर्न र आगामी वर्ष सरकारलाई पनि काम गर्ने वातावरण बनाउन आग्रह गरे । उनले राष्ट्रिय सहमतिको सरकारको गठनका लागि हामीले गरेको प्रयासलाई नकारात्मक टिप्पणी नगर्न ध्यानाकर्षण गराए । अध्यक्ष दाहालले संविधान निर्माण, भूकम्पपछिको राहत वितरणमा प्रमुख दलले प्रस्तुत गरेको राष्ट्रिय एकता संविधान कार्यान्वयन र पुनःनिर्माणमा पनि केन्द्रित हुनुपर्नेमा जोड दिए। शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने स्पष्ट खाका नीति तथा कार्यक्रममा नआएको भन्दै उहाँले विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानअनुसार अगाडि बढेको शान्ति प्रक्रियालाई परमरापत तरले सम्बोधन गर्न खोजियो भने त्यसले द्वन्द्व निम्त्याउनेतर्फ सचेत गराए । स्थानीय निर्वाचन छिटो भन्दा छिटो गर्नुपर्ने विषयमा विमति नरहेको भन्दै अध्यक्ष दाहालले स्थानीय निकाय पुनःसंरचना आयोगको प्रतिवेदनको आधारमा मात्रै निर्वाचन गर्नुपर्ने, राजनीतिक सहमति र सवैधानिक जटिलता फुकाए मात्रै गर्नुपर्ने स्पष्ट पारे । तराई-मधेसको समस्या समाधानका लागि नीति तथा कार्यक्रममा स्पष्ट गर्नुपर्नेमा त्यसो हुन नसकेको भन्दै उनले समस्याको उचित समाधान गर्नुपर्नेमा जोड दिए ।

यसैबीच प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम 'झुटको पुलिन्दा' भएको टिप्पणी गरेको छ । व्यवस्थापिका-संसदको बैठकको *बाँकी अन्तिम पृष्ठमा.....*

पश्चिमाञ्चल होटल संघ पोखराद्वारा स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ वैशाख ।

नेपाल ट्रस्टको कार्यालयले ३ वटा दरबार अवलोकन गर्न सर्वसाधारणलाई खुल्ला गर्ने निर्णय गरेकोप्रति पश्चिमाञ्चल होटल संघ पोखराले स्वागत गरेको छ । संघका अध्यक्ष भरतराज पराजुलीले बुधबार एक विज्ञप्ति जारी गरी पुराना दरबारहरु जनताका लागि खुल्ला गरिनु सकारात्मक भनी टिप्पणी गरेका छन् । यसले भ्रमणका लागि आउने नेपाली तथा विदेशी पर्यटकको बसाई लम्ब्याउन समेत सघाउने विश्वास उनले व्यक्त गरे । शुल्क लिई अवलोकन गर्न खुल्ला गरिएका दरबारमा रत्नमन्दिर दरबार (पोखरा), दियाली बड्ला दरबार (चितवन) र कान्ति ईश्वरीय दरबार (हेटौंडा) रहेका छन् । गत वैशाख ८ गतेको निर्णयअनुसार रत्नमन्दिर दरबार अवलोकन गर्न विदेशी नागरिकलाई रु. १ हजार, स्वदेशी नागरिकलाई रु १०० र विद्यार्थी तथा ज्येष्ठ नागरिकलाई रु ५०, दियाली बड्ला दरबार अवलोकन गर्न विदेशी नागरिकका लागि रु ५००, स्वदेशी नागरिकलाई रु. ५० र विद्यार्थी तथा ज्येष्ठ नागरिकलाई रु २५ निर्धारण गरिएको जनाइएको छ । यसैगरी, कान्तिईश्वरीय दरबारका लागि विदेशी नागरिकका लागि रु १००, स्वदेशी नागरिकका लागि रु ५० र विद्यार्थी तथा ज्येष्ठ नागरिकका लाग रु १० शुल्क निर्धारण गरिएको नेपाल ट्रष्टको कार्यालयका सचिव भीमप्रसाद उपाध्यायले जानकारी दिएका छन् । सचिव उपाध्यायले निकट भविष्यमा अन्य दरबारको तयारी गरी खुल्ला गरिने जनाएका छन् ।

सूचना हाम्रो अधिकार
सुशासन र विकासको आधार
लोकतन्त्रको अधिकार, सूचनाको अधिकार ।
नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

■ अरुको भनाइ अनुसार सधै नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। **- सेक्सपियर**

सम्पादकीय ...

स्थानीय निर्वाचन आवश्यक

वर्तमान सरकारको भविष्यवारे प्रश्न उठेको भए पनि वर्तमान गठबन्धनले नै आगामी सरकार पनि सञ्चालन गर्ने भएकाले अपेक्षाकृत नीतिगत स्थिरता हुने अनुमान लगाउन अब गाह्रो छैन। राष्ट्रपतिद्वारा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममा व्यक्त राज्यका धारणा कार्यान्वयन हुने तथा यसले देशको दीर्घकालीन विकास लक्ष्यलाई हासिल गर्ने कुरामा सकारात्मक प्रभाव छाड्न सक्ने देखिन्छ। सरकारको नीति तथा कार्यक्रमलाई यसै आलोकमा परीक्षण गर्नुपर्ने हुन्छ। सरकारका तर्फबाट प्रस्तुत कार्यक्रमले सांविधानको कार्यान्वयन र स्थानीय निकायको निर्वाचनलाई प्राथमिकतामा राखेको छ। सरकारले संविधानको कार्यान्वयन र स्थानीय निकायको निर्वाचनलाई प्राथमिकतामा राखेनु आवश्यक र जायज छ तर त्यसअनुरूपको राजनीतिक तयारी र वातावरण निर्माणका लागि पनि उत्तिकै जिम्मेवारीपूर्वक लाग्नुपर्दछ। खासगरी सीमांकनका विषयलाई लिएर भइरहेको तराई मधेश आन्दोलन, त्यसका कारण संघीयता कार्यान्वयनमा भएको कठिनाइ र स्थानीय निकायको निर्वाचनपूर्व त्यसको पुनर्संरचना गरिनुपर्ने सन्दर्भमा पहिलो काम मधेस आन्दोलनको सम्बोधनतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ। यो प्रस्तावको सफलता राजनीतिक संवाद र सहमतिमा मात्र सम्भव छ। यसबाहेक सरकारको दोस्रो प्राथमिकता भूकम्पबाट ध्वस्त संरचनाको पुनर्निर्माण र त्यसमा पनि आवासीय घरहरूको निर्माणका लागि जनतासँग सहकार्य गर्ने विषयलाई राखेको छ। यो सहानीय छ र यसको कार्यान्वयनका लागि संरचनागत सक्रियता र राज्य संयन्त्रको सक्रियतापूर्वक प्रभावकारी परिचालन गर्न सके मात्र यो कार्यक्रम सफल हुनेछ। सरकारले जलस्रोतको उपयोगसहित जलविद्युत र मधेसमा सिँचाइलाई दिएको प्राथमिकता, कृषि र पर्यटनको विकासमा जोड, उच्चमार्विस्तरसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने तथा शैक्षिक प्रमाणपत्रका आधारमा विनाधितो ऋण दिने, एक घर एक रोजगार लगायतका लोकप्रिय कार्यक्रम अगाडि सारेको छ, त्यसलाई कार्यान्वयन गर्दा पनि तल्लो स्तरका जनतासम्म सरकारको सेवा विस्तार भई उनीहरूले राहत महसुस गर्नेछन्। नीति तथा कार्यक्रमको सफलतालाई बजेट विनियोजनबाट मात्रै निश्चित गर्न सकिन्छ। सरकारले त्याएका नीतिगत प्राथमिकतामा परेका क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्ने, साउनदेखि कार्यान्वयनमा ल्याउन तदारुकता देखाउने र खासगरी बजेट खर्च गर्न अत्यन्त अप्रभावकारी देखिएको कमजोर राज्य संयन्त्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्नमा जोड दिइयो भने मात्र कार्यक्रम प्रभावकारी हुनेछन्। यसका लागि कमसे कम सत्तारुढ दलका नेता तथा कार्यकर्तालले राजनीतिक क्षेत्रबाट जनपरिचालन र सकियता देखाउन पनि जरुरी छ। न राजनीतिक नेतृत्वले मात्र विकासका कामलाई एक्लै सही ढंगले हाँक्न सक्छ, न त प्रशासनिक संयन्त्रले मात्र। जनपरिचालनका लागि राजनीतिक दलहरूको सहभागिता अनिवार्य हुन्छ। यस्ता कार्यक्रमको प्रभावकारिताका लागि बजेटले जनतासँग सरकारका कामलाई प्रत्यक्ष रूपमा गाँस्ने र अभियानात्मक रूपमा त्यसलाई सञ्चालन गर्ने परिपाटीमा जानु आवश्यक छ। नीति र कार्यक्रम घोषणा गरेर मात्रै पुग्दैन, यसको सफल कार्यान्वयन गर्न सक्नुपर्दछ।

बुद्धजयन्तीको तयारी

पोखरा २९ वैशाख।

कास्कीमा क्रियाशील विभिन्न बुद्ध विहार, सम्घ, बौद्ध संघ संस्था तथा जातिय संस्थाहरूद्वारा गठित बुद्ध जयन्ती समारोह समिति कास्कीले २५ सय ६० औं बुद्ध जयन्ती सप्ताहव्यापी कार्यक्रम गरि मनाउने भएको छ। समितिले जेठ १ गतेदेखि ८ गते वैशाख पूर्णिमासम्म विविध कार्यक्रम गरी बुद्ध जयन्ती मनाउने भएको हो।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत शुभारम्भ रयाली, स्वास्थ्य शिविर तथा रक्तदान, प्राणदान(माछा छोत्तर), प्रभातफेरी, सरसफाई, गणचक्र पूजा, पवचन, भोजनदान, फलफूलदान, भिक्षा, शुभद श्रद्धाञ्जली सभा, धर्म देशना, शिल प्रार्थना, बुद्धपूजा, दान कार्यक्रम, शान्ति दीपयात्रा, ज्ञानमाला भजन तथा भैषज्य पूजा, धर्मसभा लगायतको कार्यक्रम गरिने समितिका अध्यक्ष नरेन्द्र लालचनले जानकारी दिए। जेठ १ गते युवा बौद्ध संघको संयोजनमा दीपशिखा ज्वेलिङ्ग गुम्बाबाट शुभारम्भ रयाली शुरु भई अनर्ङ्स्थित विश्वशान्ति स्तूपमा पुगी बुद्ध पूजा गरिने भएको छ।

सार्वजनिक सूचना

यस ले.न.पा बडा नं. ७, बस्ने कृष्णराज पौडेलकी श्रीमती शारदा पौडेलको नाममा रहेको सावित अर्धी १ को किल्ला नं. २९१२ क्षेत्रफल ०-३-३-३ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर उत्तर तर्फका सधियाराको सहिछाप नभएको हुँदा बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
२९१२	बाटो	वल ड भण्डारी	खलाल ढ्वजरा	राजिवी रानाभाट

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

सार्वजनिक सूचना

यस ले.न.पा बडा नं. ७, बस्ने हेमबहादुर थापाको छोरा विरबहादुर थापाको नाममा रहेको सावित अर्धी १ को किल्ला नं. २९८९ क्षेत्रफल ०-६-१-० को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर उत्तर तर्फका सधियारालाई फोला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
२९८९	बाटो	२००	लाल सुब्बा गौतम	पूर्णिमा खनाल

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

नीति तथा कार्यक्रम कार्यान्वयन कसरी ?

रामकार्की

नेपालको सबैभन्दा ठूलो समस्या भनेकै राजनीतिक पार्टीसँग नेपालली अगाडि बढाउने निर्णायक बाटो छैन। उनीहरू सबै लक्ष्यका कुरा गर्छन्, देश र जनतालाई सम्पन्न बनाउने, भेदभाव हटाउने जस्ता तमाम कुरा हुन्छन्। तर, कुन बाटोबाट कस्तो तरिकाले हिँडेर्छ त्यो स्वाधीन, सम्पन्न, भेदभावरहित नेपाल बन्छ, त्यस विषयमा भने ठूलो अलमल छ। अहिले सरकारको नीति तथा कार्यक्रम आएको छ, त्यसमा पनि त्यो अलमल स्पष्ट दृष्टिगोचर हुन्छ। किनभने नेपालले अगाडी दिशातिर अघि बढ्नका निम्ति जे-जस्तो बाटो अख्तियार गर्नुपर्ने थियो, त्यो अहिलेसम्म गरेको हैन। जस्तो, ०४६ को राजनीतिक परिवर्तनपछि कांग्रेस लामो समय सत्तामा रह्यो। तर, ०४६ पछि सरकारमा सम्मावेश भइसकेपछि कांग्रेसले उसको मौलिक चरित्रबमेत गुमाउदै गयो। कांग्रेस यथार्थमा कांग्रेस रहेन। त्यो सबैभन्दा बडी उसका आर्थिक नीतिमा परिलक्षित भएको छ। यसै त कांग्रेसभित्रै कतिपय प्रखर समाजवादीहरूले कांग्रेसनीतिको आलोचना गरेका छन्। र, त्यसका निम्ति सबैभन्दा बडी जिम्मेवार गिरिजाप्रसाद कोइरालालाई ठहर्‍याएका छन्। अहिले भर्खर पनि मैले एउटा पुस्तक पढें, एक्लो नायक, हरि अधिकारीले लेखेको फिक्सन, ननफिक्सन जस्तो दुवै देखिने। त्यहां पनि कांग्रेस कसरी आफ्ना नीतिबाट च्युत भयो भन्ने देखाइएको छ। कांग्रेस सत्तामा आइसकेपछि त्यागी, तपस्वी, दुस्ख पाएं भन्नेका लागि भन्दा राम्रा रहनसहन भएका, राम्रा लुगा लाउन जान्ने, विदेशीसँग बोल्न जान्ने, राम्रो होटेलमा खान-पिउन जान्ने यस्तो खोज्ने गरिन्छ। सामान्य पोटो कलको विषयलाई बडी आवश्यक ठानिन्छ तर एउटा भिजन, भिजनका निम्ति चाहिने लगन, त्यागको खोजी हुदैन। नेपाली कांग्रेस दुई-चार वर्ष बाहिर पछेर फाट्फुट्ट विदेशका कुरा जानेर बुझेर आएका मान्छेबाट बढी प्रभावित रह्यो। हामीमध्ये कोही पनि यूरोप, अमेरिका गएका छौं भने त्यहां बस्ने अधिकांश नेपालीले आफू बसेको देशको बाक्क हुने गरी, नपच्ने गरी प्रशंसा गर्छन्। उनीहरूकहां नै बास बसिएको हुन्छ, भात खाइएको हुन्छ, सुन्न त परिहाल्यो। तर, त्यो देश स्वर्ग नै हो भनेजसरी यति बडी बखान गर्छन् कि अनिसाध्य लाग्छ। हाम्रो कल्चर पनि त्यस्तै बनेको छ। अस्ट्रेलिया दुई दिन बसेर आएको हुन्छ अनि यहां लेखिहाल्छ 'अस्ट्रेलियाबाट फर्केर आउँदा'। दुई दिनमा उसले अस्ट्रेलियाबारे के बुझेको होला र ? बरु यहीं इन्टरनेटमा बसेर दुई घन्टा खोजियो भने बढी जानकारी प्राप्त हुन्छ। हामीकहां यस्तो चलन छ। निजीकरण, खुला बजार अर्थतन्त्र, भनेर यसरी ढ्वाएां ठ्याए कि त्यसको परिणाम हामीसंग भएका सबै उद्योगधन्दा नष्ट भए। हाम्रो सिमेन्ट, कपडा, चुरोट कारखाना, ईंटा टायल, जुत्ता कारखाना सबै ताल्कालीन समाजवादी देशहरूको सहयोगमा स्थापित भएका लिबर ओरियन्टल उद्योग पहिलो निसाना बने। अनि तिनलाई कस्ता बुद्धिजीवि भन्ने ? प्रजातान्त्रिक बन्ने भन्ने दौडमा आफ्नो अतीतबाट जतिसक्दो छिटो छुटकारा पाउन रुचाउने कथित प्रजातन्त्रवादी बन्न खोजेको एमालेले पनि यताबाट सरकारमा रहँदा त्योभन्दा फरक नीति र कार्यक्रमतर्फ देशलाई डोर्‍याउने आँट गरेन। माओवादीले पनि त्यो अवसर पायो। हाम्रा पार्टीका नेताहरू, जो नीति निर्माणमा प्रभावी थिए, तिनले पनि त्यो बाटोसँग अर्थात् भनौं कांग्रेस अथवा पञ्चहरूको बेलादेखि सुरु भएको कथित उदारीकरण, निजीकरण अनि खुला बजार अर्थतन्त्रबाट सम्बन्ध-विच्छेद गर्न सकेको छैन। युरोप र अमेरिकाका देश, जहां दुई-तीन सय वर्षदेखि राज्य संयन्त्र बलियो रूपमा खडा भएको छ, उनीहरूको राज्य अत्यन्त मजबुत बनेको छ।

उनीहरूको राज्य संयन्त्रले अर्काको देशमा हस्तक्षेप गर्छ। आफ्नै देशभित्र पनि एक-एक व्यक्तिको अनुगमन हुन्छ। नियम भन्दा बाहिर कोही पनि छैन। त्यहांको राज्यले चाहनासाथ उनीहरूको देशमा नयां मान्छे प्रवेश गर्‍यो भने २४ घन्टाभित्रै गिरफ्तार भइहाल्छ। त्यो देशमा लागू भएको नीति त्यहां गयै भएपनि हाम्रो देशमा लागू गर्दा हामीले सयपटक सोच्नुपर्छ। किनभने हाम्रो देशमा राज्य संयन्त्र बलियो छैन। अर्कोतिर तलबाट जनयुद्ध र माथिबाट उनीहरूको आफ्नै शासक गुटहरूको अन्तर्विरोधले घिल्यिल्यो भएको र कमजोर भएको राज्यले उदारीकरण र निजीकरणको बाटो लिएपछि त्यो देशलाई भगवान्ले मात्र बचाउन सक्दान। हाम्रो देशमा अहिले पनि कर्णाली र अन्य कतिपय पहाडी जिल्लामा सिडिओको काम खरदारले चलाइरहेको हुन्छ। हाम्रा धेरै हस्पिटल हेल्थ असिस्टेन्ट र अहेवहरूले चलाउँछन्। यहां पश्चिमको अन्धानुकरण गरेर भएका सम्पूर्ण उद्योगधन्दालाई समाप्त पारियो। अहिले पनि नीति तथा कार्यक्रमको जग हेर्ने हो भने विदेशी सहयोग र निजी क्षेत्रमा भर पर्ने खोजिएको छ। आफ्नै संसाधन र आफ्नै श्रमशक्तिमा भर पर्ने कुरा कतै गरिएको छैन। रिमिटेन्समा निर्भर हाम्रा लाखौं युवा बाहिरिएका छन्। यस्तो स्थितिमा तुरुन्तै केही गर्न नसकिए पनि ती युवालाई दक्ष श्रमिक बनाएर पठाउन त सकिन्छ कि नि ! कपाल काट्ने, ढकर्मी, सिकर्मी, जुत्ताको काम गर्ने, मेकानिकको काम गर्ने, बिजुलीको काम गर्ने केही न केही गर्न सक्षम बनाएर पठाउन त सकिन्थ्यो नि। त्यस दिशातिर त सोचिएको पनि छैन। त्यसैले मूल रूपमा विदेशी सहयोग र निजी क्षेत्रमा भर परेर मात्र हुँदैन। हाम्रो निजी क्षेत्रको मनस्थिति त्यस्तै छ। तीन करोडको घर बनाउँदा घरआगाडिको खाल्डो पुर्दैन। त्यो सरकारलाई जिम्मा लगाइदिन्छ। दुई बोरा माटो वा बालुवा नसेर हाल्दा पुरिने खाल्डो नपुरिएकोमा सरकारको आलोचना गरिरहेको हुन्छ मान्छे, तीन करोडको छतमा बसेर।

यो हाम्रो आममनस्थिति बनेको छ। त्यसकारण पनि निजी क्षेत्र र विदेशी सहयोगमा हामी कति भर पर्ने ? यसतर्फ गम्भीरतापूर्वक सोच्नुपर्ने समय आएको छैन र अझै ? यो नीति तथा कार्यक्रम परम्परागत पनि छ। हरेक वर्ष यस्तै घोषणा मात्र गरिन्छ, हुने, नहुने सबै। त्यसको खोजिनिती कसैले गर्दैन। हामीकहां अहिलेसम्म जे-जति नीति तथा कार्यक्रम र बजेट आएका छन्, तिनको एकपटक अध्ययन गर्ने हो भने त्यो बजेट पेस गर्ने सरकारका प्रधानमन्त्री तथा मन्त्रीलाई जनताले राजनीति गर्ने अधिकारबाटै वञ्चित गराउनुपर्ने हो। किनभने ती बजेट र नीति तथा कार्यक्रममा उल्लेख गरिएका ९८ प्रतिशत काम भएका छैनन्, पेस गरेको नीति तथा कार्यक्रम र बजेटका आधारमा। त्यसै पो एउटा कर्मकाण्ड जस्तो मात्रै भएको छ। लेखिँदैछ न, गरिँदैछ न भन्ने प्रकारको। एमालेले पनि अनिकति पपुलर हुन मेरो धरहरा मै बनाउँछु भन्ने खालका नारा त्याएको छ। शब्दमा हाम्रो धरहरा हामी बनाउँछौं भनेको भए पनि हुन्थ्यो। एउटा कान्तिकारी र क्रान्तिकारी पार्टी जब सत्तामा पुग्छ, शासनमा जान्छ, त्यसले पहिले सोच्ने तरिका फेर्नुपर्छ उसले। यसभन्दा अगाडि जसरी सोचिन्थ्यो त्यसैलाई पछ्याएर हुँदैन, अब सोच्ने तरिका नै भिन्न हुनुपर्छ। फिलोसफी नै भिन्न हुनुपर्छ। जस्तो उदाहरणका निम्ति भारतको केरला राज्यमा पहिलो पटक इएमएस नम्बुदिरिपादको नेतृत्वमा कम्युनिस्टले सरकार बनाउने अवसर पाए। पाँचजना स्वतन्त्र बनेर जितेकालाई समेत सम्मिलित गराई उनीहरूले त्यहां सरकार बनाए। त्यो नै सम्भवतः पहिलो निर्वाचित सरकार थियो कम्युनिष्टहरूको। सबै ठाउंमा हिंसाले मात्रै सरकारमा पुग्ने कम्युनिस्टहरू इटालीतिरको एउटा सानो मिनिस्ट्रीमा पहिला पुगेका थिए, त्यहांको चुनावबाट। दोश्रो, ठूलो र बृहत् रूपमा भनेको केरलामा आएका थिए। त्यस सरकारलाई भारतको केन्द्र सरकारले डेढ वर्ष पनि टिक्न दिएन। विभिन्न अशान्ति फैलाएर, मुस्लिम, क्रिस्चियनलाई उचालेर धार्मिक उन्माद फैलाए त्यो सरकारलाई बर्खास्त गरियो।

नेहरू त्यसबेला केन्द्रका नेता थिए। तर, त्यो डेढ वर्षभित्रै त्यो कम्युनिष्ट सरकारले इर्दवटा जमिन र शिक्षासम्बन्धी विधेयक पास गराएर त्यसमा काम गर्न सुरु गरेको थियो। त्यसैथोक नरसिंह सरकार पल्टाएर ष्याकिंयो। कम्युनिष्टरूलै जुन विधेयकमाफंत केरलामा जुन प्रकारको परिवर्तन ल्याउन खोजेका थिए, त्यसपछि आउने हरेक सरकारले त्यसलाई च्छ्याउनैपर्ने बाध्यता सिर्जना भयो। अहिले पनि भारतका अरू राज्यभन्दा केरला वेस्लै स्थानमा छ। शिक्षाको दृष्टिकोणले, भेदभाव हटेको दृष्टिकोणले र मान्छेको जीवन बाँच्ने क्वालिटीका हिसाबले हेर्दा केरलाको स्थिति अन्य राज्यभन्दा धेरै माथि छ। कहिलेकाहीं हाम्रा नेता गुजरात मोडेलबाट प्रभावित भएको बताउने गर्छन्।

यहां त केरला मोडेलको आवश्यकता छ। तर, यहां केरला मोडेलको पनि नक्कल हुन सक्दैन। किनभने, हामी कम्युनिष्टलाई थाहा छ कि छैन ? एउटा देशमा लागू भएका मोडेललाई जस्तोको तस्तै अर्को देशमा लागू गर्न खोज्नु भनेको जुत्ताको नाप हेरेर खुट्टा काट्नु भनेजस्तै हो। हामीमध्ये कतिपयले खुट्टा काट्ने गल्ती गरेका छौं। खुट्टा काटेपछि लंगडो भइहालिन्छ, अगाडि बढ्न सकिदैन। अहिलेको नीति तथा कार्यक्रममा पनि जे-जति घोषणा गरिएका छन्, तिनलाई कसरी लागू गर्ने, त्यसका निम्ति कसरी संसाधन जुटाउने ? के हो त्यसको स्रोत ? मासलाई कसरी मोबिलाइजेशन गर्ने ? कसले गर्ने ? जस्ता विषयमा ध्यान दिइएको छैन। जहांसम्म १० वर्षमा १० हजार मेगावाट बिजुली उत्पादन गर्ने दावी गरिएको छ, त्यसमा भने विश्वास गरिहाल्ने अवस्था छैन। सबै सरकारले पांच-सात वर्षमा घोषणा गरेको विषयलाई हेर्ने हो भने हजार मेगावाट बिजुली त उहिल्यै भइसकुनपर्ने हो। त्यसैले यो घोषणाका लागि घोषणा गरिएको जस्तो मात्रै देखिन्छ। कतिपय योजनामा राम्रा पक्ष पनि छन। धरहरा आफैं बनाउंछ भन्ने कुरा, गाविसका सचिव एवम् प्रकोप व्यवस्थापन समितिका संयोजक हिल्लीरामा चापागाईले मिसेलियस ट्रैक व्यवस्थापन समितिले खेलेको भूमिकाको प्रशंसा गरे।

उनले अग्नीपीडितको पुनर्निर्माणका लागि ठूलो रकमको आवश्यकता पर्ने हुंदा अझ थप सहयोगका लागि मिलेनियम ट्रैकले समन्वयकारी भूमिका निर्वाह गर्ने बताए। मिलेनियम ट्रैक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङ अग्नीपीडितहरुलाई राहतमा मात्र भर नपरी पुर्ननिर्माण थाल्न अनुरोध गरे।

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin इक्वेड र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस ग्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कराहार संचालन मैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :-

०शतप्रतिशत उत्तीर्ण गराउन सफल ०आफ्नै मेनेजमेन्ट कम्पनीबाट प्रशिक्षण गराइने ।

०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क **फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५६०५२, मो. ९८४६०-४१९९२

फाष्ट ट्र्याक र अन्तर्राष्ट्रिय विमानस्थल स्वदेशी लगानीमा नै बनाऔं–भट्टराई

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २९ वैशाख।

पूर्वप्रधानमन्त्री एवं नयां शक्तिका संयोजक डा. बाबुराम भट्टराईले फाष्ट ट्र्याक र दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल स्वदेशी लगानीमा निर्माण गर्नुपर्ने बताएका छन्। आफ्नो नेतृत्वको सरकारले नै फास्ट ट्र्याकलाई राष्ट्रिय गौरवको योजना घोषणा गरेको भन्दै उनले राष्ट्रिय आयोजनाहरुबारे राष्ट्रिय सहमति नबन्नु र फाष्ट ट्र्याक र दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रक्रियामा नै विवाद हुनु दुःखद भएको उनले बताए। भट्टराईले राष्ट्रिय गौरवका योजनालाई विभागीय मन्त्रालयमा छाडेर मात्र नहुने भन्दै भट्टराईले समन्वयात्मक ढंगले नीति र योजना निर्माण र कार्यान्वयन र अनुगमन गर्न प्रधानमन्त्री कार्यालय अन्तर्गत अधिकारसम्पन्न संयन्त्र निर्माण गर्नु पर्नेमा जोड दिएका छन्।

उनले भनेका छन्, 'राज्यले नै विभिन्न श्रोतहरूबाट सहलियतपूर्ण ऋण लिएर, स्वदेशी विदेशी पार्विधिक र व्यवस्थापकको सेवा लिएर आफैले सम्पन्न गर्नु उपयुक्त हुन्छ।' उनले अघि भने,'यसलाई राष्ट्रिय सम्पन्न गर्न सक्यौं भने यसले हाम्रो राष्ट्रिय क्षमता र आत्मविश्वास हुवाती बढाउनेछ, ठूलो मात्रामा निजी र विदेशी लगानीको डोका खोल्नेछ र देशले विकास र समृद्धिको दिशामा क्वान्टम जम्प हान्नेछ।' यद्यपि ठूला योजनामा ठूलो धनराशी, उच्च प्रविधि, आधुनिक व्यवस्थापन आवश्यक पर्ने र शुरुको चरणमा राज्य वा निजी क्षेत्रले एक्लै गर्न नसक्ने र विदेशी लगानी सहजै आकर्षित नहुने उनले बताए।

पूर्व प्रधानमन्त्री भट्टराईले भनेका छन्, 'कुन राज्य आफैले गर्ने, कुन सार्वजनिक-निजी साझेदारीमा गर्ने र कुनमा विदेशी लगानी भित्र्याउने भनेर परियोजनाको आवश्यकता र सम्भाव्यता हेरी प्रत्येकको ठोस निर्णय राज्यले गर्नुपर्छ।'

ठूला र जटिल परियोजना सम्पन्न गर्न राष्ट्रिय क्षमता नपुग्ने भएकाले विदेशीलाई नै दिनुपर्छ वा विदेशी कम्पनीलाई दिएपछि राष्ट्रियता नै धरापमा पर्छ भन्ने दुवै एकांगी सोच भएको उनले बताए। परियोजनाको गुण र दोषका आधारमा निर्णय गर्नुपर्ने उनले बताए। भारत र चीन नै तत्काल विदेशी लगानीका मुख्य सम्भावित श्रोत भएको भन्दै उनले दुवैका संवेदनशीलता र हाम्रो राष्ट्रिय हितलाई ध्यान दिदै कुन परियोजना र क्षेत्रमा कुनलाई प्राथमिकता दिने भन्ने निर्णय गर्नुपर्ने पूर्व प्रधानमन्त्री भट्टराईले बताएका छन्। नयां शक्तिका संयोजक भट्टराईले भनेका छन्, 'सामान्यतया दक्षिण भागमा दक्षिणी छिमेकी र उत्तर भागमा उत्तरी छिमेकीलाई प्राथमिकता दिनु उपयुक्त हुन्छ।'

आगलागीपीडितलाई राहत

पोखरा २९ वैशाख।

गत वैशाख १८ गते गाउंमा भीषण आगलागी भएपछि घरबारविहीन भएका स्याङ्जा मनकामना ७ लामडाँडाका अग्नीपीडितहरुलाई मिलेनियम पदयात्रा व्यवस्थापन समितिले राहत स्वरुप रकम र त्रिपाल तथा लत्ताकपडा वितरण गरेको छ।

अग्नीपीडित २० घर परिवारलाई प्रतिपरिवार ३ हजार रुपैयाँका दरले ६० हजार र त्रिपाल तथा केही लत्ताकपडा राहत स्वरुप अग्नीपीडितलाई वितरण गरेको हो। राहत वितरण कार्यक्रममा मनकामना

चितवनका सुनचाँदी व्यवसायीलाई पोखरामा स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ वैशाख ।

सुनचाँदी व्यवसायी संघ कास्कीले भ्रमणको क्रममा आएका नेपाल सुनचाँदी संघ चितवनको टोलीलाई स्वागत तथा भेटघाट कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा चितवन सुनचाँदी व्यवसायी संघका उपाध्यक्ष टेक बहादुर विश्वकर्मासहित सुनचाँदी गहना उत्पादन तथा बिक्रीको क्षेत्रमा कास्कीको जिल्लाको महत्वपूर्ण योगदान रहेको र यहाँको उत्पादनले चितवन जिल्लालाई समेत सहयोग पुगेको हुँदा चितवन जिल्लाले विशेष आभार प्रकट गर्दछ भने । कास्की जिल्लामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भइरहेको हुँदा व्यवसायीहरुको पहिचान अन्तर्राष्ट्रिय जगतमा समेत हुने स्पष्ट पारे ।

त्यसैगरी नेपाल सुनचाँदी व्यवसायी महासंघका उपाध्यक्ष ज्ञानेन्द्रमान शाक्यले महासंघ चितवन जिल्ला संघ र अन्य जिल्लाका संघहरु भन्दा कास्की जिल्ला अन्तर्राष्ट्रिय क्षेत्रमा समेत

परिचित भएको बताए । उनले कास्की जिल्लाको प्रेरणाबाट अरु जिल्लाहरुका लागि पनि प्रेरणाको स्रोत बनेको बताए ।

भ्रमणको क्रममा कास्की जिल्लाको स्वागतबाट असाध्यै हर्षित भएको उनले बताए । महासंघका उपाध्यक्ष अर्जुन रसाईलीले महासंघको मूल्यांकनमा कास्की उच्च स्थानमा छ । आगामी दिनमा अझ आफूलाई अगाडि बढ्न प्रेरणा मिलोस् यसमा सबैको साथ रहने उनले बताए ।

उनले हिजो केन्द्रिय कार्यालयको रुपमा रहेकोमा यसलाई रुपान्तरण गर्न अझै केही समय लाग्ने भएकोले जिल्ला संघहरुले अपेक्षा गरे अनुरुप काम गर्न नसकेको गुनासो गरे । सुनचाँदी व्यवसायीहरुले सहकारीरातको माध्यमबाट आफ्ना व्यवसायीलाई प्रवद्धन गर्न सहज हुने भएको हुँदा चितवन जिल्लाले सुनचाँदी बचत तथा ऋण सहकारी संस्था स्थापना गरेको र अन्य जिल्ला संघहरुले पनि यो अवधारणालाई आत्मसात गर्नुपर्ने बताए ।

त्यसैगरी कार्यक्रमका सभापति एवम् कास्की जिल्ला अध्यक्ष चन्द्रकिशोर गौतमले चितवन सुनचाँदी व्यवसायी संघ र कास्की सुनचाँदी व्यवसायी संघको सम्बन्ध हिजो देखिनै रहिआएको बताए । उनले वर्तमान अवस्थामा पनि व्यवसायी संघसंग सम्बन्धित समस्याहरु देखिएमा दुवै जिल्लाका अध्यक्षसंग समन्वय गरी समाधान हुँदै आएको स्पष्ट पारे । चितवन जिल्लाको भ्रमणले व्यवसायीहरुको व्यवसायको विकासका सार्वै व्यक्तित्व विकासमा समेत सहयोग पुग्ने भन्दै उनले भ्रमण दललाई सम्मान सहित धन्यवाद ज्ञापन गरे । कार्यक्रममा स्वागत मन्तव्य संघका उपाध्यक्ष राजेशमान बुद्धाचार्यले गरेका थिए भने कार्यक्रम संचालन सचिव निर्मल दियालीले गरेका थिए ।

गोठादीमा बोरिङ र गोर्खामा विद्यालय भवन उद्घाटन

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ वैशाख ।

पोखरा उपमहानगरपालिका वडा नं. २६ सराङकोट स्थित गोठादीमा भण्डै १ सय ५५ मिटर तलबाट पानी चोरिइ गरि वितरण गरिएको छ। यस्तै गोरखा जिल्लाको बकुवा गा.वि.स. वडा नं.३ खान्चोक स्थित महाभूकम्पले क्षतिग्रस्त श्री चामुण्डा प्राथमिक विद्यालयको भवन निर्माण कार्य सम्पन्न भएको छ । रोटरी क्लब अफ पोखरा अन्तर्गत र दक्षिण कोरियाको रोटरी क्लब अफ याङजुङ मितेरी सम्बन्धको मितेरी उपहार स्वरुप यी दुई कार्य सम्पन्न भएका हुन् । दुई संस्थाबीच २०७३ ।१४ मितेरी सम्बन्ध भएको थियो ।

सराङकोट खानेपानी आयोजनाले सो क्षेत्रका भण्डै ६ सय परिवार लाभान्वित हुने गरी खानेपानी सेवा उपलब्ध गराएको छ भने सो कार्यकमबाट हाल १४६ परिवारलाई वितरण गरिएको छ ।

उक्त परियोजनाको कुल लागत ६४ हजार ५ सय अमेरिकी डलर रहेको छ भने उक्त रकम रोटरी क्लब अफ पोखरा अन्तर्पुर्ण, दक्षिण कोरियाको रोटरी क्लब अफ याङजु, रोटरी नेपाल डिष्ट्रिक्ट ३२९२, दक्षिण कोरियाको रोटरी डिष्ट्रिक्ट ३९९० र रोटरी इन्टरनेशनल स्कोवल ग्रान्टबाट प्राप्त भएको हो । परियोजनाको उद्घाटन दक्षिण कोरियाको रोटरी डिष्ट्रिक्ट ३९९० का गभर्नर किल काउङसुप, रोटरी क्लब अफ याङजुका अध्यक्ष ना जोङमुकले संयुक्त रुपमा गरि सो विद्यालयलाई हस्तान्तरण गरिएको छ। दुवै परियोजनाको निरीक्षण एवं उद्घाटनका लागि दक्षिण कोरियाबाट १२ जना रोटेरीयनहरु पोखराका वरिष्ठ इन्जिनियर शारदा मोहन काफलेले संयुक्त रुपमा गरेका थिए ।

यसैगरी रोटरी क्लब अफ पोखरा अन्तर्पुर्ण र रोटरी क्लब अफ याङजुको संयुक्त प्रयासमा २४ लाख रुपैयाँको लागतमा गोरखा जिल्लाको बकुवा गा.वि.स. वडा नं. ३ खान्चोक स्थित भुकम्पले क्षतिग्रस्त श्री चामुण्डा प्राथमिक विद्यालयको भवन निर्माण कार्य सम्पन्न गरि उद्घाटन गरिएको छ । विद्यालयको उद्घाटन दक्षिण कोरियाको रोटरी डिष्ट्रिक्ट ३९९० का गभर्नर किल काउङसुप, रोटरी क्लब अफ पोखरा अन्तर्पुर्णका अध्यक्ष कल्याण कर्माचार्य, रोटरी क्लब अफ याङजुका अध्यक्ष ना जोङमुकले संयुक्त रुपमा गरि सो विद्यालयलाई हस्तान्तरण गरिएको छ। दुवै परियोजनाको निरीक्षण एवं उद्घाटनका लागि दक्षिण कोरियाबाट १२ जना रोटेरीयनहरु पोखराका वरिष्ठ इन्जिनियर शारदा मोहन काफलेले संयुक्त रुपमा गरेका थिए ।

यसैगरी रोटरी क्लब अफ पोखरा अन्तर्पुर्ण र रोटरी क्लब अफ याङजुको संयुक्त प्रयासमा २४ लाख रुपैयाँको लागतमा गोरखा जिल्लाको बकुवा गा.वि.स. वडा नं. ३ खान्चोक स्थित भुकम्पले क्षतिग्रस्त श्री चामुण्डा प्राथमिक विद्यालयको भवन निर्माण कार्य सम्पन्न गरि उद्घाटन गरिएको छ । विद्यालयको उद्घाटन दक्षिण कोरियाको रोटरी डिष्ट्रिक्ट ३९९० का गभर्नर किल काउङसुप, रोटरी क्लब अफ पोखरा अन्तर्पुर्णका अध्यक्ष कल्याण कर्माचार्य, रोटरी क्लब अफ याङजुका अध्यक्ष ना जोङमुकले संयुक्त रुपमा गरि सो विद्यालयलाई हस्तान्तरण गरिएको छ। दुवै परियोजनाको निरीक्षण एवं उद्घाटनका लागि दक्षिण कोरियाबाट १२ जना रोटेरीयनहरु पोखराका वरिष्ठ इन्जिनियर शारदा मोहन काफलेले संयुक्त रुपमा गरेका थिए ।

अनेरास्ववियु जनप्रिय कमिटीद्वारा विद्यार्थीलाई प्रशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ वैशाख ।

अनेरास्ववियु जनप्रिय बहुमुखी क्याम्पस कमिटीले वि.सं २०७३ सालको भित्ते पात्रो विमोचन तथा विद्यार्थी प्रशिक्षण कार्यक्रम बुधवार सम्पन्न भयो । कार्यक्रमका प्रमुख अतिथि अनेरास्ववियु केन्द्रिय सचिवालय सदस्य नरेश रोकाया, नेकपा एमाले जिल्ला निर्वाचन आयोग कमिटी सचिव भगत गनाभान र अनेरास्ववियु केन्द्रिय सचिवालय सदस्य सरिता पुरेली संयुक्त रुपमा क्यालेण्डरको विमोचन गरेका थिए । कार्यक्रममा बोन्दी रोकायाले तत्कालिन ब्रिटिस साम्राज्यवादले विश्वको सबै मुलुकलाई उपनिवेश बायम गरेको अवस्थामा पनि नेपाल स्वतन्त्र राष्ट्र भएको हुँदा अहिले भारतले नेपाललाई उपनिवेश राष्ट्र जस्तो व्यवहार नदेखाउन आग्रह गरे । उनले राष्ट्रियताको सवालमा प्रधानमन्त्री केपि शर्मा ओलीले लिएको अडान सटिक भएको बताए । उनले सम्पूर्ण विद्यार्थीहरुलाई राष्ट्रियताको सवालमा एकजुट हुन समेत आग्रह गरे ।

कार्यक्रमका अगुवा रानाभाटले अहिलेको नीति तथा कार्यक्रममा सरकारले जुन प्रमाणपत्र धितो राखेर ऋण दिने निर्णय लागु गरेको छ । त्यसलाई लागु गराउन प्रतिपक्ष कांग्रेसे लगायतका दलहरुले बाधा गरिरहेको औल्याउदै यसका लागि विद्यार्थीहरुले एकजुट भएर नीति तथा कार्यक्रमलाई कार्यान्वयन गराउन दबाब दिनुपर्ने आवश्यकता रहेको बताए । कार्यक्रममा अनेरास्ववियु केन्द्रिय सचिवालय सदस्य सरिता पुरी, अनेरास्ववियु केन्द्रिय सदस्यहरु आशिर्वाद सुवेदी, भरतमान गुरुङ, झानु भुजेल, सुजन तामाङ, अनेरास्ववियु राष्ट्रिय परिषद सदस्य छितिज पौडेल, अनेरास्ववियु विभिन्न जिल्ला कमिटी अध्यक्ष विवेक देवकोटा, अनेरास्ववियु संगठन विभागका पूर्व सचिव साजन पुरी, अनेरास्ववियु विभि जिल्ला सदस्य तथा जनप्रिय जिल्ला ईन्चार्ज अमृता गौतम, अनेरास्ववियु क्षेत्र नं ३ का संयोजक महेन्द्र पौडेल लगायतको उपस्थिति रहेको थियो । अनेरास्ववियु क्याम्पस कमिटी अध्यक्ष दिपिन ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सन्चालन क्याम्पस कमिटी सचिव अनिल खड्काले गरेका थिए । कार्यक्रमका स्वागत मन्तव्य अनेरास्ववियु केन्द्रिय सचिवालय सदस्य सरिता पुरी, अनेरास्ववियु

शैक्षिक सामाग्री तथा पोशाक वितरण

पोखरा २९ वैशाख ।

अखण्ड पाटी नेपालले कास्कीको पुरुन्चीरमा रहेको विन्धेश्वरी माविका विद्यार्थीलाई शैक्षिक सामाग्री तथा विद्यालय पोशाक वितरण गरेको छ ।

विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीलाई कार्यक्रमका प्रमुख अतिथि पाटीका केन्द्रिय सदस्य दिल बहादुर अधिकारी, क्षेत्र न. ४ का उपाध्यक्ष राम बहादुर क्षेत्री र गाउं कमिटीका अध्यक्ष दिपक के.सी.ले १ सय पचास जोर विद्यालय पोशाक तथा शैक्षिक सामाग्री वितरण गरेका हुन् । गाउं कमिटीका अध्यक्ष दीपक के.सी.को अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि अधिकारीले भविष्यका कणधारहरुलाई सहयोग गरी अध्ययनमा प्रोत्साहन गर्नु पार्टीको नीति रहेको बताए । कार्यक्रममा जिल्ला सदस्य चित्र बहादुर केसी, गंगा बहादुर केसी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हिरा दुगाना लगायतले बोलेका थिए ।

शिशु निकेतनमा सदन विभाजन

पोखरा २९ वैशाख ।(गोल्डेन)

पोखराको विरौटास्थित शिशु निकेतन उच्च मा.वि.ले कक्षा दुईदेखि १० सम्म अध्ययनरत विद्यार्थीहरुको सदन विभाजन गरी सदन प्रमुख विद्यार्थीको शपथ ग्रहण गराएको छ । सदन विभाजनमा कक्षा १० मा अध्ययनरत छात्राहरू जीनिया लामिछाने, प्रियङ्का शर्मा, अपूर्वा पौडेल र जेनिफर भट्टराई क्रमशः निलो, पहेँलो, हरियो र राती सदनका प्रमुख प्रतिनिधिका रूपमा छनोट भएका थिए । यस्तै कक्षा ९ मा अध्ययनरत छात्र-छात्राहरू विप्पाल भण्डारी, कृशुम आचार्य, स्वर्णञ्जली थापा र स्मारिक पौडेल क्रमशः चार सदनका उपप्रमुख प्रतिनिधिका रूपमा छनोट भएका थिए । कक्षा २ देखि १० सम्मका विद्यार्थीहरुको निर्वाचन प्रणालीमार्फत छनोट भएका सदन प्रतिनिधि छात्र-छात्राहरू अतिरिक्त क्रियाकलाप समितिका संयोजक सञ्जीव घिमिरेले सपथ ग्रहण गराएका थिए । उक्त अवसरमा विद्यालय निर्देशक हरिश आर.के.ले चार सदनमा विभाजित सम्पूर्ण छात्र-छात्राहरुले आन्तरिक र बाह्य सह-क्रियाकलापमा सक्रिय सहभागिता जनाइ अन्तर्निहित प्रतिभा प्रष्फुटन एवम् अन्य रचनात्मक कार्यमा सफलता हासिल गर्न सकने विश्वास व्यक्त गरे ।

सहारालाई सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ वैशाख ।

एलआईसी नेपाल पोखरा शाखा र पेशागत बीमा अभिकर्ता संघ पोखरा शाखाको संयुक्त आयोजनामा पोखरा बसपार्कमा रहेको सहारा बाल निमाविलाई शैक्षिक सामाग्री सहयोग गरेको छ। भूकम्प गएको एक वर्षको स्मृतिमा सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयको शैक्षिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले शैक्षिक सामाग्री र खेलकूदका सामाग्री सहयोग गरेको हो । सहयोग सामाग्री वितरण गर्दै एलआईसी नेपाल पोखरा साखाका साखा प्रमुख सोनबहादुर आले मगरले विद्यार्थीहरुको शैक्षिक विकासमा पाठ्य सामाग्री र खेलकूदका सामाग्रीले थप सहयोग पुग्ने विचार राखेका थिए ।

विजनेसको नाफा २९ करोड बढी

पोखरा २९ वैशाख ।(गोल्डेन)

काठमाडौंमा प्रधान कार्यालय रहेको विजनेस युनिभर्सल डेभलपमेन्ट बैंक लि.ले वार्षिक वर्ष २०७२/७३ को तेस्रो त्रैमासमा २९ करोड ४९ लाख संचालन मुनाफा आर्जन गरेको छ । यो नाफा अघिल्लो वर्षको सोहि अवधिको तुलनामा ९१.७६ प्रतिशतले वृद्धि भएको बताइएको छ ।

गत आर्थिक वर्षको सोहि अवधिको निक्षेप, कर्जा तथा कुल सम्पत्तिको तुलनात्मक रुपमा हेर्दा निक्षेपमा १०.७३ प्रतिशत वृद्धि भई कर्जम ६ अर्ब ५१ करोड, कर्जामा १२.५५ प्रतिशत वृद्धि भई ६ अर्ब ९ करोड र कुल सम्पत्तिमा ९.१६ प्रतिशतले वृद्धि भई ८ अर्ब ३२ करोड पुगेको छ ।

हाल बैंकको चुक्ता पुंजी रु. १ अर्ब ५ करोड ५१ लाख ९९ हजार रहेको छ । बैंकको तरलता अनुपात २३.८४ प्रतिशत रहेको छ भने पुंजी कोष १७.८० प्रतिशत रहेको छ । विजनेश र सिद्धार्थ बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट मिति २०७२ चैत्र ३ गते सैद्धान्तिक सम्मति प्राप्त गरि, २०७३ वैशाख १२ गते सम्पन्न बैंकको विशेष साधारण सभाले समेत पारित गरि अन्तिम स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा संयुक्त निवेदन पेश गरि सकिएको छ । नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति प्राप्त गरि यहि आषाढ मशान्त अगावै संयुक्त कारोबार गर्ने लक्ष्य रहेको मुख्य कार्यकारी अधिकृत मनोहर के.सी.ले बताए ।

हार्दिक सम्वेदना



स्व. सूर्य क्षेत्री

क्षेत्री पत्रकार समाजका शुभचिन्तक एवं सक्रिय युवा पत्रकार एवं गायक सूर्य क्षेत्रीको अकल्पनीय एवं असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको दुःखद निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक सम्वेदना प्रकट गर्दछौं ।

कृष्ण थापा
अध्यक्ष एवं
क्षेत्री पत्रकार समाज केन्द्रीय कार्यसमिति परिवार

प्रो. बद्री के.सी. : ९८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३९८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३९७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, ब्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्पर्कगर्नुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्कगर्नुहोस् । सम्पर्क ९८२६५१-०६६०२

खुशीको खबर ! खुशीको खबर !!

के तपाईं प्लास्टिक भोलाहरुको विकल्पमा वातावरणमैत्री भोलाहरुको खोजीमा हुनुहुन्छ ? आउनुहोस् हामीसंग छ यसको विकल्प ।

सम्पर्क वातावरणमैत्री बुद्ध फेब्रिक्स व्याग उद्योग
पोखरा-४, रामकष्टाटोल, सिद्धार्थचोक भन्दा केही घर माथि (गोपालजी मन्दिरको आड्मा) फोन : ०६१-५४१३४७
मोवाइल : ९८५६०२१५१८, ९८५६०१८५१८

पोखरामा पहिलो पटक

- तौलबृद्धिक : तिघ्राको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, बिम्ब विस्थार हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, सुनाइ कसिलो बनाउन, पेटको घिरा हटाउन।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन सप्र अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- सैल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी घुरोट, खैनी, गाँजा तथा कुरुप छुटाउने।

Join Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi मा Spark Middle East Star Skill Force UAE मा DPS कम्पनी Group-4 कम्पनी, कतार मालवाहक हवाजहाज सेक्युरिटी गार्डहरु तथा सफ्टवेयर्स अन्तर्राष्ट्रिय स्तरमा Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तर्वार्ताका तयारी कक्षाहरु सञ्चालन गरिरहेको हुँदा पुरुष महिला ९ जनाकै रुपी आकर्षक सुविधासहित सुनौलिदेश मा पठाइने छ ।

तयारी कक्षा छिनाछिन

सम्पर्क
आमोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कर्नर्स

एशियन पेन्टस, रोयल इस्पायराका साथै सिपेन्को समस्या साधारण , वाटर प्रुफिङ्ग गरिन्छ ।
फोन : ०६१-४३०१९४, मो. ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

के तपाईं F.M. मा काम गर्न चाहनुहुन्छ ?
अथवा कुनैपनि कार्यक्रममा दुइकम भएर बोल्न चाहनुहुन्छ ?
वा आफ्नो बोल्ने कलाको विकास गर्न चाहनुहुन्छ ?
व्यक्तित्व तेतुल्य विकास गर्न चाहनुहुन्छ ?
कि तपाईं बोलेर अस्सलाई प्रभाव पार्न चाहनुहुन्छ ?
चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।

नेपाल सरकारबाट मान्यता प्राप्त यस संस्थामा तालिम लिएका धेरै भन्दा धेरै जनाले बुधै F.M. मा काम गरिसकेका छन् ।
अब तपाईंको व्यक्तित्व तेतुल्य विकास गराउन र सक्षम एवं सफल सचारकर्मी बनाउन रेडियो प्रस्तोता उद्घोषण तथा पत्रकारिता तालिम दिईदै छ। आजै भनां भए मौकाको फाइदा उठाउनुहोस्। सीट सीमित छ।

प्रशिक्षकहरु : काठमाडौंका ख्याति प्राप्त संचारकर्मी नरेश भट्टराईका साथै पोखराका बुधै अनुभवी संचारकर्मीहरु ।
हाम्रा सेवाहरु
तालिम लिइ नृत्य/कम्प्युटर कोर्ष सिर्टिमा
उत्कृष्ट रोजगारको अवसर
अनुभवी प्रशिक्षकहरुद्वारा तालिम गराइ
सक्षम बनाइने ।

कक्षा संचालन भइरहेको छ ।

क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस
न्यूरोड, (भाटभटेनी अगाडि), ९८४६०२४७५०, ९८१५५२४७५०
केही सम्पर्कका लागि विशेष छुटको व्यवस्था छ ।

अनेक समस्या सफल उपचार

ज्यारिक : खाना रुचि नहुने, अमिलो पानी आउने, झाँगिल हुकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।

योन समस्या : लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग छिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार

महिला सम्बन्धि समस्या
महिनावारी सहजबाट, सेतोपानी बन्ने, योनी छिलाउने, लडेको पेट हाड कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता : कालो धार्रा पोतो, डण्डिफोर, डाल भ्वरा, मस्किया कोठी, घाउचौंप हटाई पुरै शरिर गोरो बनाउने ।

थप उपचार : प्रेसर, सुनर, जण्डिस, पिलास, पाइल, डाह, डाह कम्मर, हाड जोर्ने पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

सितल आयुर्वेद फर्मा
एफ.पी.पोखरा, पोखरा, मुरलिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२१४१८, मो. ९८४६१३७४९८
फ्री होम डेलिभरि

'स्पष्टीकरण सोधिएको छैन'

गोल्डेन न्युज संवाददाता
पोखरा २९ वैशाख ।

त्रिवि प्राध्यापक संघ, पृथ्वी नारायण क्याम्पस इकाइ समितिले त्रिविले पिएन क्याम्पसमा कार्यरत कूर्पेपनि प्राध्यापकलाई स्पष्टीकरण नसोधिएको स्पष्ट पारेको छ । त्रिविको नियुक्ति पत्र लिएका प्राध्यापकहरुले निजी विद्यालयमा पढाउने गरेको र सो सम्बन्धमा त्रिविले स्पष्टीकरण सोधेको समाचार संचारमाध्यममा आएको थियो । समाचारको खण्डन गर्दै त्रिवि प्राध्यापक संघ पिएन एकाइका सभापति प्राडा वेदनाथ शर्माले बुधवार एक विवरणि प्रकाशित गरेका छन् । विज्ञप्तिमा 'विगत केही दिनदेखि त्रिवि पृथ्वीनारायण क्याम्पसका अध्ययनरत १९ जना प्राध्यापकहरुलाई स्पष्टीकरण मागिएको भन्ने समाचारपृति समितिको सभापि ध्यानाकर्षण भएको छ' भनिएको छ । संघले त्रिविको प्रचलित ऐन, नियम विनियम अन्तर्गत रहेर तोकिएको कार्यभार इमान्दारीपूर्वक पुरा गर्दै आएका प्राध्यापकहरुलाई विना आधार प्राविक मर्यादा नगराही अमर्यादित भाषाको प्रयोग गरि समाचार सम्प्रेषित भएको भन्दै खेद प्रकट गरेको छ ।

गोल्डेनमा निबन्ध लेखन

गोल्डेन न्युज संवाददाता
पोखरा २९ वैशाख ।

लेखनाथ नगरपालिका वडा नं. १२, खुदी-ढुङ्गेपाटन स्थित गोल्डेन नेचर उच्च माध्यमिक विद्यालयमा नेपाली निबन्ध लेखन प्रतियोगिता सम्पन्न भयो । विद्यार्थीहरूमा निहित प्रतिभा पृष्फुटन एवम् विद्यार्थीहरूको चौतर्फी विकास गर्ने लक्ष्य बमोजिम नियमितरूपमा विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालनको क्रममा कक्षा ४ देखि ६ सम्मका विद्यार्थीहरू सहभागी उक्त प्रतियोगितामा ८४ जना विद्यार्थी छात्र-छात्राहरुको सहभागिता रहेको थियो । जसमा स्मृति तिमिल्सीनाले प्रथम स्थान प्राप्त गर्न सफल भइन भने निशा पुनले द्वितीय स्थान, सुमित सुवेदीले तृतीय स्थान र सुरज बरालले सान्त्वना स्थान प्राप्त गर्न सफल भए । कार्यक्रमको संयोजन शिक्षिकाहरू सरिता रानाभाट र सरिता पौडेलले गरेका थिए ।

अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको तयारी

कालिका खड्का
काठमाडौं २९ वैशाख ।

यस वर्षको बुद्धजयन्तीका अवसरमा पहिलोपटक हुन लागेको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको तयारी अन्तिम चरणमा पुगेको छ । यसअघि बुद्धजयन्तीका अवसरमा विभिन्न सम्मेलनको आयोजना गरेको भए पनि मुलुकको कार्यकारी प्रमुखको अध्यक्षतामा बौद्ध धर्मसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिनिधि र ख्यातिप्राप्त व्यक्ति नेपालमा बोलाएर ऐतिहासिक सम्मेलन गर्न लागेको यो पहिलो हो । सरकारले आगामी जेठ ६ र ७ गते अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन काठमाडौंमा गर्न गत वर्षदेखि तयारी प्रारम्भ गरेको थियो । सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका बुद्धधर्म र बुद्ध दर्शनसम्बन्धी नेपाली प्राज्ञिक व्यक्तित्व, अनुसन्धानकर्ताका १८ र विदेशी छ वटा गरी २४ कार्यपत्र प्रस्तुत हुनेछ ।

आगामी जेठ ८ गते २५६० औं बुद्धजयन्ती लुम्बिनीमा मनाउने तयारी गरेको छ । सो अवसरमा बौद्ध सम्मेलनका लागि देश विदेशबाट आएका विशिष्ट व्यक्ति र प्राज्ञको उपस्थितिमा लुम्बिनीमा बौद्ध परम्परानुसार विभिन्न धार्मिक अनुष्ठानसहित धुमधामका साथ बुद्धजयन्ती मनाउने तय भएको छ । सम्मेलनका लागि "लुम्बिनी, नेपाल: भगवान् बुद्धको जन्मस्थल तथा बुद्ध दर्शनको उद्गम भूमि" भन्ने नारा तय गरिएको छ । मन्त्रिपरिषद्को गत माघ २० गतेको निर्णयअनुसार प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा ४०१ सदस्यीय मूल समारोह समिति गठन भएको थियो । सम्मेलन मूल आयोजक संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय रहेको छ । मन्त्री आनन्द प्रसाद पोखरेलको अध्यक्षतामा १०१ सदस्यीय कार्यसमिति गठन भएको छ । सम्मेलन सफल पार्न विभिन्न विषयगत १३ वटा उपसमिति निर्माण गरिएको छ ।

सम्मेलन मूल आयोजक समारोह समितिका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओलीले सिद्धार्थ गौतम बुद्धप्रतिको न्याय, बुद्धसम्बन्धी भ्रम चिर्ने सम्मेलनको मुख्य उद्देश्य रहेको उद्घोष गरिसक्दा छन् बुद्ध नेपाल बाहिर जन्मिएको भन्ने भ्रमपूर्ण प्रकाशन अझै केही देशमा पाइने सन्दर्भमा यो सम्मेलनले बुद्ध नेपालमै जन्मेका हुन् भन्ने सन्देश फैलाउनेछ । मन्त्री पोखरेलले परराष्ट्र मन्त्रालयमार्फत बुद्ध नेपालमा नभई अन्य देशमा जन्मिएको भन्ने पुस्तकबाट सच्याउने पहल भइरहेको बताए । सो क्रममा दक्षिण कोरियाले आफ्नो सम्पूर्ण पुस्तकबाट गौतम बुद्ध भारतमा नभई नेपालमा जन्मिएको भनेर सच्याइसकेको जानकारी आएको छ भने अन्य देशले पनि आफ्हरूले सो गम्भीर त्रुटि सच्याउने जनाएका छन् ।

मन्त्री पोखरेल सम्मेलनले सिद्धार्थ गौतम बुद्धको जन्म र कर्म थलो नेपाल नै भएको र बाँकी अन्य ठाउँमा गएर गरेका क्रियाकलाप वा लीला मात्रै हुन् भन्ने सम्मेलनले प्रमाणित गर्ने बताउदछन्।

चिनियाँ राष्ट्रपति र भारतका प्रधानमन्त्रीलाई निमन्त्रणा

सम्मेलनका लागि चिनियाँ राष्ट्रपति सि जिनपिङ, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, दक्षिण कोरियाका राष्ट्रपति पार्क गेउन हाई, संयुक्त राष्ट्रसङ्घका महासचिव वान कि मुनलाई सरकारले निमन्त्रणा गरिसकेको छ ।

त्यस्तै, श्रीलङ्काका प्रधानमन्त्री रनिल विक्रमसिङ्घे भारतको विक्रिहरा मुख्यमन्त्री नितीश कुमार, उत्तर प्रदेशका मुख्यमन्त्री अखिलेश यादव, पश्चिम बङ्गालको मुख्यमन्त्री ममता बनर्जी, त्रिपुराको मुख्यमन्त्री मानिक सरकार, सिक्किमका मुख्यमन्त्री पवन चाम्लिङलाई निमन्त्रणा गरिएको छ । साथै १३ देशका संस्कृति, तथा धार्मिक मामिला मन्त्रीलाई निमन्त्रणा गरिएको छ । श्रीलङ्का, म्यान्मार, थाइल्याण्ड, भारत, चीन, भियतनाम, कम्बोडिया, जापान, भुटान, दक्षिण कोरिया, लाओस, मङ्गोलिया र इजरायलका सम्बन्धित मन्त्रीलाई निमन्त्रणा गएको छ ।

त्यस्तै, बौद्ध धर्मसम्बन्धी २३ देशका सङ्घसंस्था नेपाल आउँदै छन् । संयुक्त राज्य अमेरिका, बेलायत, श्रीलङ्का, म्यान्मार, थाइल्याण्ड, भारत, चीन, भियतनाम, कम्बोडिया, जापान, भुटान, दक्षिण कोरिया, लाओस, मङ्गोलिया, सिङ्गापुर, इन्डोनेसिया, मलेसिया, बङ्गलादेश, रुस, जर्मनी, फ्रान्स, अस्ट्रिया, क्यानडा रहेका छन् । सम्मेलनका लागि हालसम्म २१ देशका ९२ सरकारीस्तर र अन्य प्रतिनिधिको सहभागिता हुने तय भइसकेको सम्मेलन मूल आयोजक समारोह समितिका सदस्य-सचिव वज्चुनारायण श्रेष्ठले जानकारी दिए । रासस

चलचित्र रोल्पा रोग देशैभर प्रदर्शन

गोल्डेन न्युज संवाददाता
पोखरा २९ वैशाख ।

नेपाली कथानक चलचित्र रोल्पा रोग वैशाख २४ देखि देशभर एकसाथ रिलिज भएको छ । रोल्पा रोग चलचित्रका निर्देशक दिपक ओली हुन् । 'सक्छस् देश जोगा सक्दैनस् ज्यान जोगा, चलचित्रको सन्देश छ । मध्यपश्चिमको दुर्गम जिल्ला रोल्पाका युवायुवतीमा हुने दैनिक जीवन संघर्षलाई पर्दामा देखाउन खोजिएको छ । सशस्त्र माओवादी द्वन्द्वकालमा च्यापिएको रोल्पा जिल्लाको १० वर्षे द्वन्द्वकालमा भएका केही मौलिक घटनालाई निर्देशक दिपक ओलीले पर्दामा ल्याएका छन् । रोल्पाका युवा युवतीको प्रेम र मायामोहलाई समेत सशक्त ढंगले चलचित्रमा प्रस्तुत गरिएको छ । त्यहाँ युवा युवतीहरुको जीवनशैली, बोलीचालीका भाषिक शब्दहरुलाई रमाईलो ढंगले प्रस्तुत गरिएको छ । अहिले रोल्पा रोगको चरीतर चर्चा छ । रोल्पाका ग्रामीण युवाहरुको जीवन भोगाइ र संघर्षको कथा चलचित्रमा देखाउन खोजिएको छ । चलचित्र रोल्पा जिल्लाका विभिन्न स्थानहरुमा छायांकन भएको छ । भने केही दृश्य डाडमा छायांकन गरिएको नायक शिशिर पौडेल बताए । रोल्पा रोगमा शिशिर भण्डारी, कुलदेव अधिकारी, जनक थापा, सुशिल पोखरेल, विनु खड्का, रामबाबु आकोस, लक्ष्मी रमाईली लगायतले अभिनय गरेका छन् । चलचित्रका प्रस्तुतकर्ता निर्मला ओली छिन् भने निर्माता थल बहादुर ओली छन्। ओखर, पैटे, राईटे जस्ता हास्य पात्र पनि चलचित्रमा छन् । उनीहरुले कान्तिबाटै देशको विकास सम्भव छ। भन्ने सन्देश दिन खोजेका छन् । रोल्पा क्रान्तिके एक सशक्त पाटो भएको जिल्ला हो । माओवादीको उदय स्थल रोल्पा जिल्ला क्रान्तिके रगतले उल्मिरहेको जिल्ला हो । देशमा जति राजनीतिक परिवर्तन भएको छ, त्यसमा उत्तिकै रोल्पाको योगदान छ । चलचित्रमा जाउला कान्छी जलजला र सुनछहारी घुम्न, साहै रहर लाग्यो मलाई तिम्रो गाला चुम्न । जस्ता रमाईला गीत रहेका छन् । गीत टप्पा सङ्गमा छ । टप्पा गीत पश्चिमको चिनारी नै हो । रोल्पाका युवायुवतीको सपनाको खेतीलाई समेत चलचित्रमा देखाउन खोजिएको छ ।

ताराकुञ्ज स्कूलको विभिन्न क्लवमा नयाँ नेतृत्व

गोल्डेन न्युज संवाददाता
पोखरा २९ वैशाख ।

ताराकुञ्ज सेकेण्डरी स्कूल, पाटनवेशी पोखरा-१३ मा विभिन्न विद्यार्थी क्लवहरूको वार्षिक सभा आयोजना गरियो । विद्यार्थीहरूमा नेतृत्व र समाजसेवाको सीप विकास गर्न विभिन्न आधा दर्जन विद्यार्थी क्लवहरूको गठन गरिएको हो । जुनियर रेडक्रस सर्कल ताराकुञ्जको अध्यक्षमा सुनिल सुवेदी, जैविक विविधता संरक्षण मञ्चको शिक्षक प्रतिनिधिमा विष्णुहरि बराल, ताराकुञ्ज छुनमुनु क्लवको शिक्षक प्रतिनिधिमा मोहनप्रसाद शर्मा, ताराकुञ्ज स्पोट्स क्लवको शिक्षक प्रतिनिधिमा मङ्गल गुरुङ र ताराकुञ्ज आर्ट्स क्लवको शिक्षक प्रतिनिधिमा अमृत घिमिरे चयन भएका छन् । अञ्जनी नेपाली सहित ९ सदस्यीय कार्यसमिति गठन गरिएको थियो ।

यसैगरी जुनियर रेडक्रस सर्कल ताराकुञ्जको शिक्षक नायकमा सुनिल न्यौपाने, जैविक विविधता संरक्षण मञ्चको शिक्षक प्रतिनिधिमा विष्णुहरि बराल, ताराकुञ्ज छुनमुनु क्लवको शिक्षक प्रतिनिधिमा मोहनप्रसाद शर्मा, ताराकुञ्ज स्पोट्स क्लवको शिक्षक प्रतिनिधिमा मङ्गल गुरुङ र ताराकुञ्ज आर्ट्स क्लवको शिक्षक प्रतिनिधिमा अमृत घिमिरे चयन भएका छन् । अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा विभिन्न क्लवका निर्वतमान अध्यक्षहरूले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । नवानिर्वाचित कार्यसमितिका सदस्यहरूलाई सपथ ग्रहण गराउँदै विद्यालयका प्राचार्य विष्णु तिमिल्सिनाले सम्पूर्णलाई समाज निर्माण र सेवाधर्मलाई प्राथमिकता दिदै इमान्दारिताका साथ अग्रसर रहन अनुरोध गरे । जु.रे.स ताराकुञ्जकी सचिव अकृति घितालले संचालन गरेको कार्यक्रम जु.रे.स ताराकुञ्जका निवर्तमान अध्यक्ष निर्मल देवकोटाको धन्यवाद ज्ञापन भएको थियो ।

के तपाईंमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सन्चा यौन रोग, स्वप्नदोष ।

महिलाहरूमा देखिने : स्तन सानो निलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गडबढी हुने आदि ।

रुघ्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोलो, अनावश्यक कोठी वा फोहोरहरू, दुबी, सेतो दुबीका साथै अन्य चमरोगहरू ।

महिला वा पुरुषमा हुने बाँझोपना कि सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पाइल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी आएको समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एक्ट्रेमीको टीक अगाडि
फोन: ०६१-५३८५४८, ९८४६०४९५३७, ९८०४५७५३५१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

हिवलचियर बास्केटबल हुने

गोल्डेन न्युज संवाददाता
पोखरा २९ वैशाख ।

अपाङ्ग खेलकुद समिति कास्की र स्वाभलम्बन जीवन पद्धति समाज नेपालको संयुक्त आयोजनामा आउँदो जेठ्को पहिलो साता पोखरामा चौथो राष्ट्रिय हिवल चियर बास्केटबल प्रतियोगिता हुने भएको छ । 'अपाङ्गता भएका युवाहरुलाई खेलकुद' भन्ने नाराका साथ पोखरा रंगशालामा जेष्ठ ६ र ७ गते हुने दुईदिने प्रतियोगितामा काठमाडौंका ४ र कास्कीका २ गरि ६ टिमको सहभागिता रहेन बताइएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने समूहले क्रमशः नगद ७ हजार, ५ हजार र ३ हजारको सायमा ट्रफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् । त्यसैगरि हाइ स्कोरर र उत्कृष्ट खेलाडीलाई पनि ट्रफि पुरस्कार प्रदान गरिने प्रतियोगिता संयोजक भरतविक्रम बानियाँले जानकारी दिए । पोखरा उपमहा र जिल्ला विकास समिति कास्की मुख्य सहयोगी रहेको प्रतियोगिता सम्पन्न गर्न भण्डै साढे २ लाख खर्च लाग्ने आयोजकको अनुमान रहेको छ ।

काङ्ग्रेस लाहाचोक कमिटीको भेला

गोल्डेन न्युज संवाददाता
पोखरा २९ वैशाख ।

नेपाली काङ्ग्रेस कास्की लाहाचोक गाउँ कार्य समितिले बुधबार भेला गरेको छ। पाटीका नेता तथा शुभेच्छुकहरुको सहभागिता रहेको भेलामा स्थानीय विकास निर्माण र पार्टीले खेल्नुपर्ने भूमिका बारेमा छलफल भएको थियो। भेलामा वोर्न्दे कास्की काङ्ग्रेसी सभापति लक्ष्मी पाण्डेले स्थानीय विकास निर्माणमा पार्टीसँग समन्वय गर्न आग्रह गरिन्। उनले १३औं महाधिवेशनपछि पार्टीमा उत्साह र उमंग थपेकोमन्दै निरन्तर सामाजिक गतिविधिमा संलग्न रहनुपर्नेमा जोड दिदैन्।

त्यसअवसरमा निवर्तमान गाउँ कार्य समिति सभापति वैणमाधव अधिकारी, तरुण दल गाउँ समापति वीरबहादुर ब.सि.नि र क्षेत्रीय प्रतिनिधि कृष्णप्रसाद अधिकारी लगायतले बोलेका थिए।

नेपाली काङ्ग्रेस लाहाचोक गाउँ कार्य समितिका सभापति मधुसुदन अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपसभापति कलाधर ढकालले स्वागत र सचिव गणेशप्रसाद पौडेलले सञ्चालन गरेका थिए।

नीति तथा...

सुरमा नै सो दलका सांसद अर्जुननरसिंह केसीले भूकम्पपीडित जनतालाई राहत दिनुको साटो हरेक गाविस र नगरमा 'हेलिप्याड' बनाउने कार्यक्रम राखेर लोकप्रिय बन्ने प्रयास गरेको आरोप लगाए ।

व्यापार घाटा घटाउने तर्फ सरकारले ध्यान नदिएको, आर्थिक वृद्धिदर १४ वर्षपछि ०.७७ प्रतिशतमा सीमित हुन पुगेको, भूकम्पपीडितले राहत नपाएको, समयसमयमै बोलाउने आन्दोलनरत मधेसवादी दल, थारू, आदिवासी जनजातीको मागसम्बोधन गर्न नसकेको भन्दै उनले व्यवहारिक र वस्तुनिष्ठ कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए । वाहिपीडित, अग्निपीडित जनतालाई राहत दिने तर्फ कुनै प्रयास नगरेको उल्लेख गर्दै नेता केसीले सबै पक्षको सहमतिमा स्थानीय निकायको निर्वाचन हुनुपर्नेमा सत्तागठबन्धनमा सहभागी दलसँगै छलफल नभएको गुनासो आइरहेकाले वेला निर्वाचन कसरी हुनसक्छ भन्ने प्रश्न गर्दै ।

तर प्रमुख सत्तारुढ दल नेकपा एमालेका सांसदहरूले भने सरकारको नीति तथा कार्यक्रम समय सान्दर्भिक र वस्तुनिष्ठ रहेको भन्दै प्रतिशा गरे । सो दलका सांसद अष्टलक्ष्मी शाक्यले संविधानको सहज कार्यान्वयनका लागि सरकारले नीति तथा कार्यक्रम अगाडि सारेको, लामो समयदेखि हुन नसकेको स्थानीय निकायको निर्वाचन गर्ने घोषणा हुनु, भूकम्पपीडितलाई एक घर एक रोजगार दिनै, आगामी पाँच वर्षभित्र भूकम्प प्रभावित सबै संरचनाको निर्माण गर्ने, समुद्र तराई-मधेस सिंचाइ कार्यक्रम अगाडि बढाउने घोषणा उल्लेख्य रहेको बताए । रुग्ण उद्योग चलाउनुपर्ने, खानेपानी, विद्युत् आपूर्ति सहज बनाउन र जनतालाई राहत प्रदान गर्न सरकारले विशेष ख्याल गर्नुपर्नेमा जोड दिए ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक अंगाधर पराजुली, निर्देशक हरिणिी बराल, संम्पादक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा